# प्रेश विज्ञप्ती

२०७५।१०।११

नारायणगढ, चितवन ।

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको १७औं वार्षिक साधारण सभा भरतपुर गार्डेन रिर्सोट,चितवनमा सम्पन्न भएको छ । उक्त साधारण सभामा वित्तीय संस्थाका अध्यक्ष श्री दिपक खनालज्युले सञ्चालक समितिको तर्फबाट आ.व.०७४।७५को वार्षिक प्रतिवेदन पेश गर्दै सो प्रतिवेदन उपर शेयरधनी महानुभावहरूले राख्नु भएका जिज्ञासाहरूको बारेमा प्रत्युत्तर दिदै शेयरधनी महानुभावहरूलाई राय सुझावको लागि धन्यवाद ब्यक्त गर्नु भएको छ ।
शेयरधनी महानुभावहरूलाई वित्तीय संस्थाका कार्यकारी प्रमुख श्री अमराज खड्काज्युले स्वागत मन्तब्य राख्नु भएको थियो भने साधारण सभाको सञ्चालन कम्पनी सचिव ज्ञानेन्द्रप्रसाद अर्यालले गर्नु भएको थियो ।




वित्तीय संस्थाले आ.व ०७४।७५ मा ३६ करोड १५ लाख ०९ हजार सञ्चालन मुनाफा सहितबाट शेयरधनीहरूलाई १०प्रतिशत (बोनस शेयर र नगद लाभाशंमा लाग्ने कर सहित) नगद लाभाशं र १० प्रतिशत बोनस शेयर वितरण गर्ने लगायतका प्रस्तावहरू पारित गरेको

छ । बोनस शेयर बितरण पश्चात वित्तीय संस्थाको चुक्ता पूंजी ७७ करोड ३४ लाख १०हजार ४४१।९३ पुगेको छ । यस वित्तीय संस्थाले हाल ७० जिल्लामा ११६ शाखा कार्यालयहरू मार्फत १ लाख ७५हजार विपन्न परिवारलाई लघुवित्त सेवा प्रदान गरिरहेको छ भने यस आ.ब.को अन्त्य सम्ममा यस संस्थाले ७२ जिल्लामा १२० शाखाहरू मार्फत २ लाख १२ हजार १ सय ५८विपन्न परिवारलाई लघुवित्त सेवा प्रदान गर्ने लक्ष लिएको छ ।

नबिल बैंक लि., कृषि विकास बैंक लि., नेपाल बैंक लि., विकास आयोजना सेवा केन्द्र, लुम्बिनी विकास बैंक लि. र बैंक तथा वत्तीय क्षेत्रका बिशेषज्ञहरूबाट प्रर्वद्धन गरी वित्तीय सेवा मार्फत महिला सशक्तिकरण सहित गरिवी निवारणको मुख्य उद्देश्य लिएर स्थापित यस वित्तीय संस्थाको हाल चालु आ.व. को दोश्रो त्रैमासको अन्त्यसम्ममा ९ अर्ब ३७ करोड कर्जा लगानी गरी  रू. २ अर्व ९६ करोड सदस्य बचत परिचालन गरेको छ ।